श्री

# अछाम जिल्ला अदालतबाट जारी
# भएको सूचना

मितिः-२०७७।२।२७

कोरोना भाइरस (कोभिड-१९)को महामारीको कारण सम्मानीत सर्वोच्च अदालतको पूर्ण बैठकको मिति २०७६।१२।७ एवं बन्दाबन्दीको आदेश जारी भएपछिका विभिन्न मितिमा भएका पूर्ण बैठकको निर्णयबमोजिम यस अदालतका काम कामकारवाहीहरू सीमितरूपमा मात्र हुँदै आएको बेहोरा सबैमा बिदितै छ ।

यसै सन्दर्भमा सम्मानीत सर्वोच्च अदालत, बृहत् पूर्ण इजलासको मिति २०७७।२।१५ मा भएको आदेश तथा यस अघिका पूर्ण बैठकका निर्णानुसार हाल भइरहेको काम कारवाहीमा थप गर्न सकिने काम कारवाही एवं सेवा प्रवाहसम्बन्धमा संभाव्यता र उपयुक्तताको आधारमा प्राथमिकीकरण गरी सम्बन्धित अदालतबाट आवश्यक व्यवस्था मिलाउनु भन्ने च.नं. १८९६ मिति २०७७।२।१६ को पत्र प्राप्त भएकोले तदनुरूप थप काम कारवाही र सेवा प्रवाह गर्ने बिषयमा मिति २०७७।२।२६ मा कानून व्यावसायीहरु, सम्बन्धित सरकारी वकिल कार्यालयका सहायक जिल्ला न्याधिवक्ता एवं यस अदालतका कर्मचारीबीच छलफल हुदाँ देहायका थप कामकारवाही र सेवाप्रवाह गर्ने निर्णय भई तथा उक्त थप कामकारवाही र सेवाप्रवाह गर्ने सम्बन्धमा उच्च अदालत दिपायलबाट समेत सहमती प्रदान भई आएकोले कोरोना भाईरस(कोभिड-१९)को महामारीको संक्रमणको उच्च जोखिमलाई न्यूनिकरण गर्ने तर्फ स्वास्थ्य सुरक्षामा समेत उच्च सतर्कताका उपायहरु अपनाई मिति २०७७।२।२७ गतेदेखि देहायबमोजिमका थप काम कारवाही र सेवा प्रवाह गर्ने निर्णय गरी व्यवस्था मिलाईएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

<u>देहायः-</u>

१. बन्दाबन्दीको अवधिमा यस अघि गर्दै आएको काम कारवाही यथावत रूपमा गर्ने ।
२. मिलापत्र र मुद्दा फिर्ता सम्बन्धी कारवाही ।
३. बादी नेपाल सरकार भइ प्रतिबादीले तारेख गुजारी मिति २०७६।१२।९ अगावै थाम्ने थमाउने अवधि व्यतित भएको अबस्थाका मुद्दाहरूको काम कारवाही र सुनुवाई ।
४. मिति २०७६।१२।९ अगावै कसूर निर्धारण भइ सजाय निर्धारण गर्न बाँकी रहेका मुद्दाहरूको काम कारवाही र सुनुवाई ।

५. पक्ष तारिखमा नरहेका वा तारिख गुजारी मिति २०७६।१२।९ भन्दा अगावै थाम्ने थमाउने म्याद समाप्त भएका, कानून व्यवसायी मुकरर नभएका वा मुकरर भएका कानून व्यवसायीको उपस्थिति हुनसक्ने अबस्थाका मुद्दाहरूको कारवाही र सुनुवाई ।

६. मुल्तवी/ तामेली रहने मुद्दाहरूको काम कारवाही र सुनुवाई ।

७. मुद्दामा अंग पुगी सकेको थुनुवा मुद्दा तथा वाल विज्याँई सम्बन्धी मुद्दाहरुको काम कारवाही र सुनुवाई ।

८. विशेष प्रकृतिका निवेदनसम्बन्धी काम कारवाही ।

९. सरोकारवालालाई नक्कल उपलब्ध गराउने सम्बन्धी ।

सम्पर्क नं.०९७-६२०१३०